## खोप लगाउने व्यक्ति तथा स्याहारकर्ताहरूका लागि जानकारीमूलक सामग्री

## 16 वर्ष वा सोभन्दा बढी उमेरका मान्छेहरूमा कोरोना भाइरस रोग 2019 (कोभिड-19) रोकथाम गर्नका निम्ति फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप आपतकालीन प्रयोगका लागि स्वीकृत (EUA) गरिएको छ

तपाईंमा SARS-CoV-2 का कारण लाग्ने कोरोना भाइरस रोग 2019 (कोभिड-19) नलागोस् भनेर तपाईंलाई फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप लगाउन प्रस्ताव गरिएको छ। यो जानकारीमूलक सामग्रीमा फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप लगाउँदा हुने जोखिम र फाइदाहरू बारे तपाईंलाई बुझ्न सहज होस् भनेर जानकारी दिइएको छ। हाल कोभिड-19 को महामारी जारी रहेकाले तपाईंले यो खोप लगाउन सक्नुहुन्छ।

फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप तपाईंलाई कोभिड-19 लाग्नबाट बचाउन सक्ने एउटा खोप हो। कोभिड-19 रोकथामका लागि स. रा. अमेरिकाको खाद्य तथा औषधि विभाग (FDA) ले अनुमोदन गरेको कुनै पनि खोप उपलब्ध छैन।

फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप बारे थप जानकारी प्राप्त गर्न यो जानकारीमूलक सामग्री पढ्नुहोस्। तपाईंसँग कुनै जिज्ञासा छन् भने खोप प्रदायकसँग कुरा गर्नुहोस्। फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप लगाउने नलगाउने तपाईंको रोजाइको कुरा हो।

फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप तीन हप्ताको अन्तरमा दुई वटा डोज गरेर मांसपेशीमा लगाउनुपर्छ।

फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपले सबैजनालाई सुरक्षा नदिन सक्छ।

यो जानकारीमूलक सामग्री अद्यावधिक भएको हुन सक्छ। सबैभन्दा ताजा जानकारीमूलक सामग्रीका लागि कृपया www.cvdvaccine.com हेर्नुहोस्।

### यो खोप लगाउनुभन्दा पहिले तपाईंले के कुरा जान्नु जरुरी छ?

### कोभिड-19 कस्तो रोग हो?

कोभिड-19 SARS-CoV-2 जातको कोरोना भाइरसका कारण लाग्ने रोग हो। यो प्रकारको कोरोना भाइरस यसअघि भेटिएको थिएन। यो भाइरसको सङ्क्रमण भएको व्यक्तिसँग सम्पर्कमा आउँदा तपाईंलाई कोभिड-19 लाग्न सक्छ। यो मुख्यतः श्वासप्रश्वाससम्बन्धी रोग हो र यसले अन्य अङ्गहरूमा असर गर्न सक्छ। कोभिड-19 सङ्क्रमित व्यक्तिमा हल्का लक्षणदेखि गम्भीर बिमारीसम्मका विभिन्न खालका लक्षणहरू पाइएको छ। सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा आएको 2 देखि 14 दिनपछि लक्षणहरू देखिन सक्छन्। निम्न लक्षणहरू देखिन सक्छन्: ज्वरो आउने वा रूघा लाग्ने; खोकी लाग्ने; सास फेर्नमा समस्या हुने; थकान हुने; मांसपेशी वा जिउ दुख्ने; टाउको दुख्ने; स्वाद वा गन्ध हराउन थाल्ने' घाँटी दुख्ने; नाक बन्द हुने वा नाकबाट पानी बग्ने; चक्कर लाग्ने वा उल्टी हुने; झाडापखाला लाग्ने।

### फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप कस्तो खोप हो?

फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप एउटा अनुमोदन नगरिएको खोप हो जसले कोभिड-19 लाग्नबाट जोगाउन सक्छ। कोभिड-19 रोकथामका लागि FDA ले अनुमोदन गरेको कुनै पनि खोप उपलब्ध छैन।

FDA ले 16 वर्ष वा सोभन्दा बढी उमेरका मान्छेहरूमा कोरोना भाइरस रोग 2019 (कोभिड-19) रोकथाम गर्नका निम्ति फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप आपतकालीन प्रयोगका लागि स्वीकृत (EUA) गरेको छ।

EUA सम्बन्धी थप जानकारीका लागि यो जानकारीमूलक सामग्रीको अन्त्यतिर दिइएको "**आपतकालीन प्रयोगका लागि दिइने स्वीकृति (EUA) भनेको के हो?**" हेर्नुहोस्।

### फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप लगाउनुभन्दा पहिले तपाईंले आफ्नो खोप प्रदायकलाई के कुरा बताउनुपर्छ?

**आफ्ना सम्पूर्ण स्वास्थ्य अवस्थाहरूबारे आफ्नो खोप प्रदायकलाई बताउनुहोस्। यसमा निम्नलगायतका कुराहरू पर्छन्:**

- एलर्जी भएमा
- ज्वरो आएमा
- रगत बग्नेसम्बन्धी समस्या भएमा वा रगत पातलो बनाउने औषधि प्रयोग गरिरहेको भएमा
- रोग प्रतिरोधात्मक क्षमता कम भएमा वा रोग प्रतिरोधात्मक प्रणालीमा असर गर्ने औषधि प्रयोग गरिरहेको भएमा

- गर्भवती भएमा वा गर्भधारण गर्ने योजना भएमा
- बच्चालाई स्तनपान गराइरहेको भएमा
- कोभिड-19 विरुद्धको अर्को कुनै खोप लगाएको भएमा

**फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप कस्ता व्यक्तिले लगाउनुपर्छ?**
FDA ले 16 वर्ष वा सोभन्दा बढी उमेरका मान्छेहरूमा फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप आपतकालीन प्रयोगका लागि स्वीकृत (EUA) गरेको छ।

**फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप कस्ता व्यक्तिले लगाउनु हुँदैन?**
तपाईंले निम्न अवस्थामा फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप लगाउनु हुँदैन:

- यो खोपको अघिल्लो डोज लगाउँदा गम्भीर एलार्जिक रियाक्सन देखिएको भएमा
- यो खोपको कुनै पनि पदार्थसँग गम्भीर एलार्जिक रियाक्सन भएमा

**फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपमा कस्ता पदार्थहरू समावेश छन्?**
फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपमा निम्न पदार्थहरू समावेश हुन्छन्: mRNA, lipids ((4-hydroxybutyl)azanediyl)bis(hexane-6,1-diyl)bis(2-hexyldecanoate), 2 [(polyethylene glycol)-2000]-N,N-ditetradecylacetamide, 1,2-Distearoyl-sn-glycero-3-phosphocholine र cholesterol), potassium chloride, monobasic potassium phosphate, sodium chloride, dibasic sodium phosphate dihydrate र sucrose।

**फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप कसरी दिइन्छ?**
फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप तपाईंको मांसपेशीमा सुई लगाएर दिइन्छ।

फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप 3 हप्ताको अन्तरमा 2 वटा डोज दिइन्छ।

तपाईंले फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपको एउटा डोज लगाउनुभयो भने तपाईंले खोपको सिरिज पूरा गर्न यही खोपको दोस्रो डोज 3 हप्तापछि लगाउनुपर्छ।

**फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप यसअघि प्रयोग गरिएको छ?**
फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप एउटा अनुमोदन नगरिएको खोप हो। क्लिनिकल ट्रायलमा 16 वर्ष वा सोभन्दा बढी उमेरमा लगभग 20,000 जना मान्छेहरूले फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपको कम्तीमा एउटा डोज लगाएका थिए।

**फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप लगाउनुका फाइदाहरू के-के हुन्?**
एउटा जारी क्लिनिकल ट्रायलमा फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपलाई 3 हप्ताको अन्तरमा 2 वटा डोज लगाउँदा कोभिड-19 रोकथाम गरेको देखिएको छ। यो खोप लगाउनाले कति समयसम्म कोभिड-19 बाट जोगाउँछ भन्ने कुरा हाल पत्ता लागिसकेको छैन।

**फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप लगाउँदा हुने जोखिमहरू के-के हुन्?**
फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप लगाउँदा देखिएका साइड इफेक्टहरू निम्न लगायतका असरहरू पर्छन्:

- सुई लगाएको ठाउँमा दुख्ने
- थकाइ लाग्ने
- टाउको दुख्ने
- मांसपेशी दुख्ने
- काम छुट्ने
- जोर्नी दुख्ने
- ज्वरो आउने
- सुई लगाएको ठाउँमा सुन्निने
- सुई लगाएको ठाउँ रातो हुने
- वाकवाकी लाग्ने
- अस्वस्थ महसुस गर्ने
- लिम्फ नोडहरू सुन्निने (लिमफेडेनोप्याथी)

फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपले गम्भीर एलर्जिक रियाक्सन हुन सक्ने हल्का सम्भावना रहन्छ। फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपको डोज लगाएको केही मिनेटदेखि एक घण्टाभित्र सामान्यतया गम्भीर एलर्जिक रियाक्सन देखिन्छ। गम्भीर एलर्जिक रियाक्सनका लक्षणहरूमा निम्न कुराहरू समावेश हुन् सक्छन्:

- सास फेर्न कठिन हुने
- तपाईंको अनुहार र घाँटी सुन्निने
- मुटुको धड्कन तेज हुने
- शरीरभरि डाबर आउने
- चक्कर लाग्ने र कमजोरी हुने

फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपका सम्भावित साइड इफेक्टहरू यति मात्र नहुन सक्छन्। गम्भीर तथा अनपेक्षित साइड इफेक्टहरू देखिन सक्छन्। फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप अझै पनि क्लिनिकल ट्रायलमा अध्ययन गरिँदै छ।

**साइड इफेक्ट देखिएमा मैले के गर्नुपर्छ?**
तपाईंमा गम्भीर खालको एलर्जिक रियाक्सन देखियो भने 9-1-1 मा कल गर्नुहोस् वा नजिकको अस्पतालमा जानुहोस्।

तपाईंलाई कुनै साइड इफेक्टले गर्दा समस्या भयो वा उक्त साइड इफेक्ट हराएर गएन भने खोप प्रदायक वा आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस्।

खोपका साइड इफेक्टहरू बारे **FDA/CDC खोपका नकारात्मक असरहरू देखिएको रिपोर्ट गर्ने प्रणाली (VAERS)** मा रिपोर्ट गर्नुहोस्। VAERS को टोल फ्री नम्बर 1-800-822-7967 हो। तपाईं https://vaers.hhs.gov/reportevent.html मा गई अनलाइनमार्फत रिपोर्ट गर्न पनि सक्नुहुन्छ। कृपया रिपोर्ट फारामको बाकस #18 को पहिलो हरफमा "फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप EULA" समावेश गर्नुहोस्।

यसका साथै, तपाईं तल दिइएको सम्पर्क जानकारीमा Pfizer Inc. का साइड इफेक्टहरू रिपोर्ट गर्न सक्नुहुन्छ।

| वेबसाइट | फ्याक्स नम्बर | टेलिफोन नम्बर |
|---|---|---|
| www.pfizersafetyreporting.com | 1-866-635-8337 | 1-800-438-1985 |

**मैले फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप नलगाउने निर्णय गरेँ भने के हुन्छ?**
फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप लगाउने नलगाउने तपाईंको रोजाइको कुरा हो। तपाईंले यो खोप नलगाउने निर्णय लिनुभयो भने यसले तपाईंले प्राप्त गर्ने मानक स्वास्थ्य स्याहारमा कुनै फरक पार्दैन।

**फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप बेहक कोभिड-19 रोकथामका लागि के अन्य विकल्पहरू उपलब्ध छन्?**
कोभिड-19 को रोकथामका लागि हाल अनुमोदन गरिएको कुनै पनि वैकल्पिक खोप उपलब्ध छैन। कोभिड-19 को रोकथामका निम्ति FDA ले अन्य खोपहरू आपतकालीन अवस्थामा प्रयोग गर्ने अनुमति दिन सक्छ।

**के म अन्य खोपहरूसँगै फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप एकैचोटि लगाउन सक्छु?**
अन्य खोपहरूसँग फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप प्रयोग गर्न हुने वा नहुने भन्ने बारेमा कुनै जानकारी उपलब्ध छैन।

**म गर्भवती छु वा मैले बच्चालाई स्तनपान गराइरहेकी छु भने मैले यो खोप लगाउनु हुन्छ?**
तपाईं गर्भवती हुनुहुन्छ वा स्तनपान गराइरहनुभएको छ भने आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग आफूसँग उपलब्ध विकल्पहरूका बारेमा छलफल गर्नुहोस्।

**फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप लगाउँदा के मलाई कोभिड-19 लाग्ने छ?**
अहँ। फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपमा SARS-CoV-2 समावेश गरिएको हुँदैन र यो खोप लगाउनाले तपाईंलाई कोभिड-19 लाग्न सक्दैन।

**आफूले खोप लगाएको कार्ड सुरक्षित राख्नुहोस्**
पहिलो डोज लगाएपछि तपाईंले फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपको दोस्रो डोज लगाउन आउँदा देखाउनु पर्ने खोप लगाएको कार्ड प्राप्त गर्नु हुने छ। तपाईं अर्को डोज लगाउन आउँदा यो कार्ड ल्याउन नबिर्सनुहोला।

**थप जानकारी**
तपाईंसँग कुनै जिज्ञासा भएमा वेबसाइटमा जानुहोस् वा तल दिइएको फोन नम्बरमा कल गर्नुहोस्।

सबैभन्दा ताजा जानकारीमूलक सामग्री पढ्न कृपया तल दिइएको QR कोड स्क्यान गर्नुहोस्।

| ग्लोबल वेबसाइट | टेलिफोन नम्बर |
|---|---|
| www.cvdvaccine.com | 1-877-829-2619<br>(1-877-VAX-CO19) |

**म कसरी यसबारे थप जानकारी प्राप्त गर्न सक्छु?**

- खोप प्रदायकलाई सोध्नुहोस्।
- CDC को वेबसाइटमा जानुहोस्: https://www.cdc.gov/coronavirus/2019-ncov/index.html
- FDA को वेबसाइटमा जानुहोस्: https://www.fda.gov/emergency-preparedness-and-response/mcm-legal-regulatory-and-policy-framework/emergency-use-authorization
- आफ्नो स्थानीय वा सार्वजनिक स्वास्थ्य विभागमा सम्पर्क गर्नुहोस्।

**मैले खोप लगाएको जानकारी कहाँ रेकर्ड गरिने छ?**
खोप प्रदायकले तपाईंले खोप लगाएको जानकारी तपाईंको राज्य/स्थानीय क्षेत्राधिकारभित्र पर्ने खोपसम्बन्धी सूचना प्रणाली (IIS) वा अन्य तोकिएका प्रणालीमा समावेश गर्न सक्छ। यसले गर्दा तपाईं दोस्रो डोज लगाउन आउँदा यही खोप प्राप्त गर्नु हुनेछ भन्ने कुरा सुनिश्चित हुन्छ। खोपसम्बन्धी सूचना प्रणाली (IIS) का बारेमा थप जानकारी प्राप्त गर्न यहाँ जानुहोस्: https://www.cdc.gov/vaccines/programs/iis/about.html

**चोटपटक विरुद्धको क्षतिपूर्ति कार्यक्रम भनेको के हो?**
**चोटपटक विरुद्धको** क्षतिपूर्ति कार्यक्रम (CICP) भनेको एउटा सङ्घीय कार्यक्रम हो जसले यो खोपलगायतका निश्चित औषधि वा खोपले गर्दा गम्भीर रूपमा चोटपटक लागेका निश्चित मान्छेहरूको चिकित्सा स्याहार खर्च तथा अन्य विशेष खर्चहरू भुक्तानी गर्न मद्दत गर्न सक्छ। सामान्यतया, यो क्षतिपूर्ति प्राप्त गर्न खोप लगाएको मितिदेखि एक (1) वर्ष भित्रमा CICP मा दाबी पेश गरिनुपर्छ। यस कार्यक्रम बारे थप जानकारी प्राप्त गर्न www.hrsa.gov/cicp/ मा जानुहोस् वा 1-855-266-2427 मा कल गर्नुहोस्।

**आपतकालीन प्रयोगका लागि दिइने स्वीकृति (EUA) भनेको के हो?**
संयुक्त राज्य अमेरिकाको FDA ले EUA भनिने आपतकालीन मूल्याङ्कन संयन्त्रमार्फत फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोप उपलब्ध गराएको छ। कोभिड-19 विश्व महामारीका समयमा औषधि तथा जैविक उत्पादनहरू आपतकालीन रूपमा प्रयोग गर्न सकिन्छ भन्ने पुष्टि गर्ने परिस्थितिहरू विद्यमान हुन्छन् भनेर स्वास्थ्य तथा मानव सेवा (HHS) सचिवले गर्नुभएको घोषणाबमोजिम EUA समर्थन गरिएको छ।

फड्को ले अनुमोदन वा पास गरेको उत्पादनमा जति समीक्षा गरिन्छ त्यति समीक्षा फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपका सम्बन्धमा गरिएको छैन। निश्चित मापदण्डहरू पूरा भएका खण्डमा FDA ले EUA जारी गर्न सक्छ, जसमा अन्य कुनै उपयुक्त, अनुमोदन गरिएको वा उपलब्ध विकल्पहरू छैनन् भन्ने कुरा समावेश हुन्छ। यसका साथै, FDA को निर्णय उपलब्ध रहेका समग्र वैज्ञानिक प्रमाणहरूमा आधारित हुन्छ र ती प्रमाणअनुसार सो औषधिले कोभिड-19 विश्व महामारीका समयमा कोभिड-19 रोकथाम गर्न प्रभावकारी हुन सक्छ भन्ने कुरा दर्शाउनु पर्छ। यसका साथै, उक्त औषधि बारे पत्ता लागेका र सम्भावित लाभहरू थाहा भएका सम्भावित जोखिमहरूभन्दा धेरै छन् भन्ने कुरा निक्र्योल गरिनु पर्छ। कोभिड-19 विश्व महामारीका समयमा कुनै औषधि बिरामीहरूको उपचारमा प्रयोग गर्नका लागि यी सबै मापदण्डहरू पूरा गरिएको हुनु पर्छ।

फाइजर-बायोएनटेकले विकास गरेको कोभिड-19 विरुद्धको खोपको प्रयोगका लागि जारी गरिएको EUA यो खोप आपतकालीन अवस्थाका लागि प्रयोग गर्न सकिन्छ भन्ने कुरा पुष्टि गर्ने गरी घोषणा गरिएको कोभिड-19 EUA अवधिसम्म लागू हुन्छ (सो अवधिमा यो EUA खारेज गरिएमा वा रद्द गरिएमा त्यसपछि यो खोप प्रयोग गर्न पाइँदैन)।

उत्पादक
Pfizer Inc., New York, NY 10017

यो कम्पनीका लागि उत्पादन गरिएको हो:
BioNTech Manufacturing GmbH
An der Goldgrube 12
55131 Mainz, Germany

LAB-1451-0.7

Revised: December, 2020

Scan to capture that this Fact Sheet was provided to vaccine recipient for the electronic medical records/immunization information systems.

Barcode Date: 12/2020